वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७८ २०८३ असार २८ गते आइतबार, नेपाल सम्वत् ११४६ July 12, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




## ४५औं व्यास नगरसभा : छुवाछुतका पीडितको कानुनी उपचार नगरपालिकाले व्यहोर्ने

### महिला र अपाङ्गता भएका व्यक्तिलाई घर नक्सा दस्तुरमा १० प्रतिशत छुट

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाको ४५औं नगरसभाको दोस्रो बैठकले आर्थिक वर्ष २०८३/०८४ का लागि रू. १ अर्ब ५५ करोड ३० लाख १ हजारको संशोधित बजेट, वार्षिक नीति तथा कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयकसहित विभिन्न महत्त्वपूर्ण निर्णय सर्वसम्मत रूपमा पारित गरेको छ । नगर प्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न नगरसभाले विकास निर्माणसँगै सामाजिक न्याय र समावेशितालाई प्राथमिकता दिने निर्णयहरु गरेको हो ।

नगरसभामा उपप्रमुख इन्दिरा दरैले प्रस्तुत गरेको संशोधित बजेटमाथि सदस्यहरूले छलफल गरी अनुमोदन गरेका थिए । बजेटले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार, वातावरण संरक्षण, सामाजिक सुरक्षा तथा सुशासनका कार्यक्रमलाई प्राथमिकतामा राखेको नगरपालिकाले जनाएको छ ।

नगरसभाले छुवाछुत मुक्त नगरपालिका घोषणालाई व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ । नगर क्षेत्रभित्र जातीय छुवाछुत वा विभेदका घटना भएमा पीडितको तर्फबाट कानुनी उपचारका लागि आवश्यक खर्च नगरपालिकाले व्यहोर्ने ऐतिहासिक निर्णय गरिएको छ। सामाजिक विभेद अन्त्य गर्दै समानतामूलक समाज निर्माणमा यो निर्णय प्रभावकारी हुने अपेक्षा गरिएको छ।

त्यसैगरी, महिला सशक्तीकरण र समावेशी विकासलाई प्रोत्साहन गर्न महिला तथा अपाङ्गता भएका व्यक्ति (क, ख र ग वर्ग) को नाममा घर नक्सा पास गर्दा लाग्ने दस्तुरमा १० प्रतिशत छुट दिने निर्णय पनि नगरसभाले गरेको छ। यसबाट महिला स्वामित्व विस्तार र अपाङ्गता भएका नागरिकलाई प्रत्यक्ष राहत पुग्ने विश्वास गरिएको छ ।

नगरसभाले आर्थिक वर्ष २०८३/०८४ का लागि आर्थिक विधेयक-२०८३, विनियोजन विधेयक-२०८३, ऊर्जा विकास सम्बन्धी विधेयक लगायतका आवश्यक कानुनी प्रस्तावहरु पनि पारित गरेको छ ।

बैठकमा न्यायिक समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति तथा विधायन समितिका प्रतिवेदन प्रस्तुत भई सर्वसम्मत रूपमा अनुमोदन गरिएका छन् । समितिहरूले आगामी वर्षका विकास प्राथमिकता, सेवा प्रवाह सुधार, विपद् व्यवस्थापन, वातावरण संरक्षण, कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा संस्थागत सुदृढीकरणका विषयमा सुझाव दिएका थिए ।

नगरसभा सदस्यहरूले बजेट तथा कार्यक्रममाथि धारणा राख्दै विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, पारदर्शिता, गुणस्तरीय सेवा प्रवाह, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, शिक्षा र स्वास्थ्य सेवाको विस्तार तथा स्थानीय आवश्यकताअनुसार योजना सञ्चालनमा जोड दिएका थिए ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेले नगरसभाबाट पारित नीति, कार्यक्रम र बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी नागरिकले प्रत्यक्ष अनुभूति गर्ने विकासलाई प्राथमिकता दिइने बताए । उनले समृद्ध, समावेशी र सुशासित व्यास नगरपालिका निर्माणका लागि जनप्रतिनिधि, कर्मचारी र नागरिकबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गरे ।




उपप्रमुख इन्दिरा दरैले बजेट कार्यान्वयनमा वित्तीय अनुशासन, पारदर्शिता र मितव्ययितालाई विशेष ध्यान दिइने बताउँदै नियमित अनुगमन र मूल्यांकनमार्फत विकासका कार्यक्रमलाई परिणाममुखी बनाइने जानकारी दिइन्।

नगरसभाले पारित गरेको संशोधित बजेट, सामाजिक न्यायमुखी निर्णय, कर सहुलियत, विभिन्न विधेयक तथा विकासमुखी कार्यक्रमहरूले व्यास नगरपालिकाको समृद्धि यात्रालाई थप गति दिने विश्वास व्यक्त गरिएको छ ।

## तनहुँमा घाँसमा केन्द्रित पशुपालनमा जोड

**भञ्ज्याङ समाचारदाता/दमौली**

व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले यहाँका दुई कार्यालयले घाँसका बीउ उत्पादन गरी निःशुल्क वितरण गर्दै आएका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र डिभिजन वन कार्यालयले किसानलाई घाँस केन्द्रित पशुपालनमा जोड दिन बिरूवा उत्पादन गरी वितरण गरेको हो ।

डिभिजन वन कार्यालयबाट ५० हजार र भेटेरिनरीबाट ४० हजार गरी विभिन्न प्रजातिका ९० हजार घाँसका बिरूवा उत्पादन गरिएको हो। पशु सेवा विज्ञ केन्द्रले पशुपालन व्यवसायमा लागत कमी गराउने र किसानलाई यसतर्फ आकर्षित गराउने उद्देश्यले राइखनियो, किम्बु, बडहर, निमारो, टाँकी, नेपियार, मोलाटोलगायत घाँसका बिरूवा उपलब्ध गराएको छ ।

दाना र चोकर नखुवाइकन पनि दूध र मासु उत्पादन वृद्धि गर्न सकिने हुँदा उन्नत जातका घाँसका बिरूवालाई प्राथमिकता दिइएको केन्द्रका वरिष्ठ मत्स्यविकास अधिकृत रविनसन अधिकारीले जानकारी दिए । उनका अनुसार कार्यालयलको आन्तरिक स्रोतबाट बिरूवा उत्पादनलाई बर्सेनि निरन्तरता दिइएको छ ।

"उत्पादनमा आधारित अनुदान कार्यक्रमले पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएको छ", उनले भने, "किसानलाई अनुदानका साथै गोठ निर्माण, गोठ सुधार र प्रजनन बोका प्रदान गर्दै आएका छौं ।"

त्यसैगरी डिभिजन वन कार्यालयबाट घाँसजन्य, काठजन्य र जडिबुटीजन्य बिरूवा उत्पादन पछि किसान र विभिन्न संघसंस्थाको मागअनुरूप वितरण गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले बताए । उनले भने, "उत्पादितमध्ये अधिकांश बिरूवा पशुपालन किसानलाई लक्षित गरेका छौं । हामीले पशुपालक किसानका लागि घाँसका बिरूवा उत्पादनमा प्राथमिकता दिएका हौं।"

बिरूवा उत्पादनका लागि प्रदेश सरकारबाट बजेट विनियोजनमा प्राथमिकता नदिइँदा गत वर्षका तुलनामा यस वर्ष कम बिरूवा उत्पादन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

## ३२ जना युवाहरूलाई तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण तालिम

**भञ्ज्याङ समाचारदाता/दमौली**

आदिकवि भानुभक्त क्याम्पसले 'गुरूङ भाषा, साहित्य, कला तथा संस्कृति वर्ष-२०२६' अन्तर्गत सञ्चालन गरेको सातौं तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ ।

शुक्रबार तालिम समापन गर्दै गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. इन्द्रप्रसाद तिवारीले आदिकवि भानुभक्त क्याम्पसले आदिवासी जनजातिको भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा उदाहरणीय काम गरेको उल्लेख गर्दै यस क्षेत्रमा अनुसन्धानमूलक कार्यक्रम अघि बढाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।




कार्यक्रम क्याम्पसको आदिवासी जनजाति भाषा एवं संस्कृति संवर्द्धन तथा विकास समितिका संयोजक तथा क्याम्पस सञ्चालक समितिका सदस्य ठाकुरबहादुर दरैको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन तमु संस्कृति तथा ग्रामीण पर्यटनविद् एवं तालिमका प्रशिक्षक हरिसिंह गुरूङले गरेका थिए ।

समापन कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनार, उपाध्यक्ष श्रीराम कार्की, व्यास नगर शिक्षा शाखाका प्रमुख केदार आचार्य, क्याम्पस सञ्चालक समितिका सदस्य क्या. सोमबहादुर थापा, प्ये ल्हु संघका केन्द्रीय उपमहासचिव अर्जुन गुरूङ, नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् तनहुँका अध्यक्ष सनम तामाङ, तमु ह्यूल छोंज धीं गुरूङ राष्ट्रिय

बाँकी तेश्रो पेजमा

## सीपमार्फत महिला सशक्तीकरणको अभियान : तनहुँमा पाँचदिने सिलाई मेसिन मर्मत तालिम

**भञ्ज्याङ समाचारदाता/दमौली**

महिलालाई सीपसँग जोडेर आर्थिक रूपमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ तनहुँमा पाँचदिने सिलाई मेसिन मर्मत तालिम सुरू भएको छ। व्यावहारिक सीपले रोजगारी र उद्यमशीलताको ढोका खोल्ने विश्वासका साथ सञ्चालन गरिएको तालिमले सहभागी महिलालाई आत्मनिर्भर बन्न प्रेरित गर्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय महिला उद्यमी समिति गण्डकी प्रदेशको मूल व्यवस्थापन तथा राष्ट्रिय महिला उद्यमी समिति तनहुँ जिल्ला समितिको प्राविधिक सहयोगमा सञ्चालित तालिमको शुभारम्भ गर्दै व्यास नगरपालिकाका प्रमुख बैकुण्ठनाथ न्यौपानेले महिलाको आर्थिक सशक्तीकरणका



लागि सीपमूलक तालिम अपरिहार्य रहेको बताए । उनले स्थानीय सरकारले उत्पादन, स्वरोजगार र महिला उद्यमशीलतालाई प्राथमिकतामा राख्दै यस्ता कार्यक्रमलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, "सीप भनेको व्यक्तिको जीवन परिवर्तन गर्ने सबैभन्दा ठूलो सम्पत्ति हो। महिलाले सीप हासिल गरेर आत्मनिर्भर बने भने त्यसको सकारात्मक प्रभाव परिवार, समाज र समग्र राष्ट्रको समृद्धिमा देखिन्छ। त्यसैले यस्ता तालिम समयको आवश्यकता हुन् ।"

नेपाल कपडा तथा सिलाई व्यवसायी तनहुँ जिल्ला संघका अध्यक्ष राजेन्द्र परियारको

बाँकी अन्तिम पेजमा

# आदिकवि भानुभक्त आचार्य र समकालीन सान्दर्भिकता

नेपाली भाषा र साहित्यको विकासक्रममा आदिकवि भानुभक्त आचार्यको स्थान सर्वोपरि रहेको छ। नेपाली भाषालाई साहित्यिक अभिव्यक्तिको सशक्त माध्यमका रूपमा स्थापित गर्ने श्रेय उनलाई नै जान्छ । संस्कृत भाषामा सीमित ज्ञान र साहित्यलाई सरल तथा सहज नेपाली भाषामा रूपान्तरण गरी आमजनताको पहुँचमा पुऱ्याउने उनको योगदान अतुलनीय छ । यसै कारण उनलाई नेपाली साहित्यका 'आदिकवि' का रूपमा सम्मान गरिएको हो। आज सूचना-प्रविधिको तीव्र विकास, विश्वव्यापीकरण, विदेशी भाषाको बढ्दो प्रभाव तथा बदलिँदो सामाजिक परिवेशका बीच पनि भानुभक्तका विचार, कृतित्व र साहित्यिक मूल्यहरु उत्तिकै सान्दर्भिक देखिन्छन् । त्यसैले उनको साहित्यलाई केवल ऐतिहासिक सम्पत्तिका रूपमा नभई वर्तमान समाजलाई मार्गदर्शन गर्ने प्रेरणाको स्रोतका रूपमा पनि हेर्न आवश्यक छ ।

आदिकवि भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ साल आषाढ २९ गते तनहुँ जिल्लाको चुँदी रम्घामा भएको थियो । उनका पिता धनञ्जय आचार्य र माता धर्मावती देवी हुनुहुन्थ्यो । बाल्यकालदेखि नै संस्कृत भाषा, वेद, पुराण र दर्शनशास्त्रको अध्ययन गरेका भानुभक्तले आफ्नो साहित्यिक प्रतिभालाई नेपाली भाषाको सेवामा समर्पित गरे । त्यसबेला संस्कृत भाषा विद्वान् वर्गमा सीमित थियो भने आमजनताले धार्मिक तथा साहित्यिक ग्रन्थ सहज रूपमा बुझ्न सक्दैनथे । यही अवस्थालाई परिवर्तन गर्ने उद्देश्यले उनले सरल नेपाली भाषामा साहित्य सिर्जना गरे ।

भानुभक्तलाई साहित्य सिर्जनामा प्रेरणा दिने घाँसीको प्रसङ्ग नेपाली साहित्यमा अत्यन्त प्रसिद्ध छ। एउटा सामान्य घाँसीले सार्वजनिक हितका लागि कुवा निर्माण गरी समाजमा अमिट छाप छोडेको देखेपछि भानुभक्तले पनि समाजका लागि स्मरणीय कार्य गर्ने प्रेरणा प्राप्त गरे । यस घटनाले साहित्य व्यक्तिगत प्रसिद्धिका लागि मात्र होइन, समाजको हित, जनचेतना र मानव कल्याणका लागि हुनुपर्छ भन्ने सन्देश दिन्छ ।

आज सामाजिक उत्तरदायित्व, नागरिक चेतना र सार्वजनिक सेवाको आवश्यकता बढिरहेका बेला घाँसी प्रसङ्ग अझ बढी सान्दर्भिक देखिन्छ ।

भानुभक्त आचार्यको सबैभन्दा महत्वपूर्ण कृति 'भानुभक्तीय रामायण' हो । संस्कृत भाषामा रहेको वाल्मीकि रामायणलाई उनले सरल, सहज र जनबोलीको नेपाली भाषामा प्रस्तुत गरे। यसले धार्मिक ज्ञानलाई सीमित वर्गदेखि जनसाधारणसम्म पुऱ्यायो। रामायणमार्फत उनले सत्य, धर्म, कर्तव्य, आदर्श, नैतिकता, पारिवारिक जिम्मेवारी, त्याग र मानवताको सन्देश प्रवाह गरे । आज पनि समाजमा नैतिक मूल्यहरु कमजोर बन्दै गएको, पारिवारिक सम्बन्धहरु परिवर्तन हुँदै गएको तथा सामाजिक असहिष्णुता बढ्दै गएको सन्दर्भमा रामायणले दिएका जीवनोपयोगी शिक्षा अत्यन्त सान्दर्भिक छन् ।

भानुभक्तका अन्य कृतिहरु प्रश्नोत्तर, भक्तमाला, वधूशिक्षा र रामगीतामा पनि धार्मिक, नैतिक तथा सामाजिक शिक्षाको सशक्त अभिव्यक्ति पाइन्छ। उनका रचनाहरूमा भाषा सरल, शैली लयात्मक र सन्देश जीवनोपयोगी छन्। यही कारणले उनका कृतिहरु आज पनि विद्यालय, क्याम्पस तथा विश्वविद्यालयमा अध्ययन-अध्यापनका महत्वपूर्ण सामग्रीका रूपमा प्रयोग भइरहेका छन् ।

भानुभक्तको सबैभन्दा ठूलो योगदान नेपाली भाषाको विकास र विस्तारमा रहेको छ । उनले नेपाली भाषालाई साहित्य सिर्जनाको माध्यम बनाउँदै भाषिक एकताको बलियो आधार तयार गरे । नेपाल बहुभाषिक र बहुसांस्कृतिक देश भए पनि नेपाली भाषा राष्ट्रिय सम्पर्क भाषाका रूपमा स्थापित हुनुमा भानुभक्तको साहित्यिक योगदान महत्वपूर्ण रहेको छ। आज विश्वव्यापीकरणका कारण अंग्रेजी तथा अन्य विदेशी भाषाको प्रभाव बढ्दै गइरहेको अवस्थामा नेपाली भाषाको संरक्षण, संवर्द्धन र शुद्ध प्रयोगका लागि भानुभक्तका आदर्श अझ आवश्यक बनेका छन् ।

समकालीन सन्दर्भमा भानुभक्तको अर्को महत्वपूर्ण पक्ष उनको मानवीय दृष्टिकोण हो । उहाँका साहित्यमा जाति, वर्ग, धन वा पदभन्दा माथि उठेर मानवता, सदाचार, परोपकार र नैतिक जीवनलाई महत्व दिइएको छ । आज समाजमा बढ्दो असहिष्णुता, नैतिक विचलन, स्वार्थपरता र सामाजिक विखण्डनका बीच उनका विचारहरूले सहअस्तित्व, सद्भाव र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न प्रेरित गर्छन् । त्यसैले उनका साहित्यिक मूल्यहरु आज पनि उत्तिकै जीवन्त छन् ।




शिक्षाको क्षेत्रमा पनि भानुभक्तको योगदान प्रेरणादायी छ । उहाँका कृतिहरूले भाषा सिकाउने मात्र होइन, चरित्र निर्माण, नैतिक शिक्षा, अनुशासन, कर्तव्यबोध र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न सहयोग पुऱ्याउँछन् । आजको शिक्षाले ज्ञानसँगै असल आचरण र मानवीय मूल्यको विकासलाई जोड दिइरहेको अवस्थामा भानुभक्तका रचनाहरु मूल्यपरक शिक्षाका प्रभावकारी स्रोतका रूपमा स्थापित भएका छन् ।

प्रविधिको तीव्र विकासले सूचना आदान-प्रदानलाई सहज बनाएको भए पनि भाषिक शुद्धता, साहित्य अध्ययनको रूचि र मौलिक सिर्जनाप्रतिको आकर्षण केही कमजोर हुँदै गएको देखिन्छ । यस्ता चुनौतीका बीच भानुभक्तको साहित्यले मातृभाषाप्रतिको सम्मान, मौलिकताको संरक्षण र साहित्यिक संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण प्रेरणा दिन्छ । उनका कृतिहरु डिजिटल माध्यमबाट नयाँ पुस्तासम्म पुऱ्याउनु आजको आवश्यकता पनि हो ।

हरेक वर्ष मनाइने भानु जयन्ती केवल एक कविको जन्मोत्सव मात्र होइन, नेपाली भाषा, साहित्य, संस्कृति र राष्ट्रिय पहिचानको उत्सव पनि हो। यस अवसरमा आयोजना गरिने साहित्यिक गोष्ठी, कविता वाचन, वक्तृत्व प्रतियोगिता, अनुसन्धानमूलक छलफल तथा सांस्कृतिक कार्यक्रमहरूले नयाँ पुस्तालाई भानुभक्तको जीवनदर्शन र साहित्यिक योगदानसँग परिचित गराउँछन् । यस्ता कार्यक्रमहरूले नेपाली भाषाप्रतिको अपनत्व र साहित्यिक चेतनालाई अझ बलियो बनाउँछन् ।

आदिकवि भानुभक्त आचार्य केवल इतिहासका महान् कवि मात्र होइन, वर्तमान र भविष्यका लागि पनि प्रेरणाका स्रोत हुन् । उनले नेपाली भाषा र साहित्यमार्फत स्थापना गरेको नैतिक मूल्य, समाजप्रतिको उत्तरदायित्व, मानवतावादी दृष्टिकोण तथा मौलिक साहित्य सिर्जनाको परम्परा आज पनि उत्तिकै सान्दर्भिक छन् । बदलिँदो समयसँगै प्रविधि, शिक्षा र समाजका स्वरूप परिवर्तन भए पनि सत्य, नैतिकता, मानवता, भाषाप्रेम र सामाजिक उत्तरदायित्वका मूल्य कहिल्यै पुराना हुँदैनन्।

त्यसैले आदिकवि भानुभक्त आचार्यको साहित्यिक योगदानलाई अध्ययन, अनुसन्धान, संरक्षण र व्यवहारमा उतार्नु नै उनीप्रति व्यक्त गर्न सकिने सबैभन्दा ठूलो सम्मान हुनेछ । उनका कृतिहरूले नेपाली भाषा, साहित्य र राष्ट्रिय पहिचानलाई आगामी पुस्तासम्म जीवन्त राख्न निरन्तर प्रेरणा प्रदान गरिरहनेछन्।

*(लेखक तनहुँको भिमाद नगरपालिका-६ स्थित जनज्योति क्याम्पसका उप प्राध्यापक हुन् ।)*

# वर्षा नहुँदा रौतहटका खेत बाँझै

**रासस**/रौतहट

यहाँको चन्द्रपुर नगरपालिका-२ सखुवानीका किसान खुशबहादुर बम्जन दैनिकजसो खेत पुगेर आकाश हेर्दै फर्किनुहुन्छ । असारको २७ गते बितिसक्दासमेत यस वर्ष रोपाइँको टुङ्गो नहुँदा उहाँ निराश हुनुहुन्छ ।

धानको बीउ तयार छ तर खेत पूरै सुक्खा छ । खेतमा सिँचाइको सुविधा नहुँदा यहाँका भेगका बम्जनसहित सयौँ किसान आकाश हेर्न बाध्य छन् । गत वर्ष पनि समयमा वर्षा नहुँदा सिँचाइ अभावले धान रोप्न नपाउनुभएका बम्जनले यस वर्ष भने रोपाइँ गर्ने योजना बनाउनुभएको थियो । अहिले आकाशे पानीको भरमा बस्नु परिरहेकाले रोपाइँ अन्योल बनेको उहाँको भनाइ छ । "रोपाइँका लागि आलीघारी जोतखन तयार छ तर पानीको व्यवस्था नहुँदा समस्या भइरहेको हो, खेत पूरै बाँझै छद्", बम्जनले भन्नुभयो ।

यस्तै समस्या र चिन्तामा हुनुहुन्छ सोही गाउका कुलदीप चौधरी । "गत वर्ष सिँचाइ नहुँदा रोपाइँ नभएको खेत अहिले पनि बाँझै रहने चिन्ता छ । अहिलेसम्म पर्याप्त पानी परेको छैन, बीउ ब्याडमै सुकेका छन् । कहिले रोपाइँ गर्ने अन्योलमा छौँ", उहाँले भन्नुभयो । आकाशे पानीको भरमा बस्नुपर्ने, वैकल्पिक सिँचाइको व्यवस्था नहुनेलगायत कारणले खेत बाँझै हुन थालेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो।

किरण बम्जन, बाबुराम घिसिङ, उमेश चौधरीलगायत यहाँका सयौँ किसानलाई गत वर्ष बाँझो बनेका खेत यस वर्ष पनि रोपाइँ नहुने हो कि भन्ने चिन्ता बढेको छ ।

जिल्लामा करिब ३८ हजार ५०० हेक्टर जमिन धान रोप्न योग्य भए पनि हालसम्म छ हजार १६० हेक्टरमा मात्रै धान रोपाइँ भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सुरेन्द्र कुर्मीले जानकारी दिनुभयो । यतिबेलासम्म करिब ४५ देखि ५० प्रतिशत रोपाइँ हुनुपर्ने बताउँदै उहाँले प्रयाप्त वर्षा नहुँदा करिब १६ प्रतिशत रोपाइँ भाएको उल्लेख गर्नुभयो ।

बागमती सिँचाइ आयोजनाले रौतहटको करिब १३ हजार हेक्टर र झाँझ सिँचाइ आयोजनाले करिब चार हजार ५०० हेक्टर जमिन सिँचित गर्दै आएको कार्यालय प्रमुख कुर्मीले जानकारी दिनुभयो । उहाँका अनुसार बागमती सिँचाइबाट चन्द्रपुर नगरपालिकाको आधा भूभाग, बृन्दावन, गुजरा, गढीमाई, माधवनारायण नगरपालिका तथा दुर्गाभगवती गाउँपालिकामा सिँचाइ सुविधा पुगेको छ।

त्यस्तै झाँझ आयोजनाअन्तर्गत गरूडा, माधवनारायण, गढीमाई नगरपालिका र यमुनामाई गाउँपालिकामा सिँचाइ पुगेको छ। स्यालो ट्युबवेलबाट २० प्रतिशत खेतीयोग्य जमिन सिञ्चित हुने कुर्मीले जानकारी दिनुभयो । स्यालो ट्यिुबेल तरकारीखेतीमा बढी प्रयोग हुने गरेको उहाँको भनाइ छ । उहाँका अनुसार नारायणी सिँचाइ व्यवस्थापन कार्यालयअन्तर्गत गण्डक नहरको पानी रौतहट भित्र्याउनसके चार वटा पालिकामा सिँचाइ पुग्ने उहाँले बताउनुभयो ।

उक्त नहर सरसफाइ गरेर पानी रौतहट ल्याउनसके यहाँका बौधीमाई, राजपुर, परोहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका खेत सिञ्चित हुने कार्यालय प्रमुख कुर्मीले उल्लेख गर्नुभयो । उहाँका अनुसार बौधीमाई नगरपालिकाको बद्गुलबाट दुर्गाभगवती गाउँपालिकाको बडहर्वासम्म गण्डक नहर विस्तार भए पनि लामो समयदेखि उक्त नहरमा पानी आउन सकेको छैन ।

रौतहटको कुल ५२ हजार २०० हेक्टर खेतीयोग्य जमिनमध्ये करिब ३८ हजार ५०० हेक्टरमा धान रोपिँदै आइएको उहाँले जानकारी दिनुभयो । कार्यालय प्रमुख कुर्मीका अनुसार गत वर्ष रौतहटमा करिब ३१ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । मनसुन सक्रिय भई निरन्तर वर्षा भए केही दिनभित्र रोपाइँले गति लिने उहाँले बताउनुभयो ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईंको आज

**मेष**
नयाँ योजना अघि बढाउन अनुकूल समय छ। व्यापार तथा पेशामा सकारात्मक परिणाम प्राप्त हुन सक्छ।

**वृष**
कार्य क्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। धैर्य र विवेकका साथ निर्णय लिनु उचित हुनेछ। आर्थिक पक्ष सामान्य रहनेछ।

**मिथुन**
अध्ययन, लेखन तथा सिर्जनात्मक क्षेत्रमा सफलता मिल्ने संकेत छ। साथीभाइको सहयोग प्राप्त हुनेछ।

**कर्कट**
पारिवारिक विषयमा समझदारी आवश्यक छ। आर्थिक लाभका अवसर देखा पर्न सक्छन्।

**सिंह**
नेतृत्व क्षमता प्रदर्शन गर्ने समय छ। वैदेशिक काममा सकारात्मक संकेत देखिन्छ। आत्मविश्वास बढ्नेछ।

**कन्या**
रोकिएका काम अघि बढ्नेछन्। आर्थिक कारोबारमा सावधानी अपनाउनु उचित हुनेछ।

**तुला**
प्रेम सम्बन्ध सुमधुर रहनेछन्। नयाँ अवसरको प्राप्त हुनेछ । यात्राको सम्भावना पनि देखिन्छ।

**वृश्चिक**
कामको चाप बढ्न सक्छ तर परिणाम सन्तोषजनक रहनेछ। धैर्य राख्दा चुनौती पार गर्न सकिनेछ।

**धनु**
विद्या, अनुसन्धान तथा बौद्धिक कार्यमा सफलता मिल्नेछ। नयाँ व्यक्तिसँगको भेट लाभदायक हुन सक्छ।

**मकर**
घरपरिवारका विषयमा ध्यान दिनुपर्ने दिन छ। सम्पत्ति वा निर्माणसम्बन्धी कार्य अघि बढ्न सक्छ।

**कुम्भ**
सञ्चार, व्यापार र छोटो यात्राका लागि दिन अनुकूल देखिन्छ। साथीभाइबाट सहयोग मिल्नेछ।

**मीन**
परिवारमा खुसीको वातावरण रहनेछ। बोलीमा संयम अपनाउँदा सम्बन्ध अझ मजबुत बन्नेछन्।



**तरकारी टिप्दैः** दाङको तुलसीपुर उपमहानगरपालिका–१६ रत्नैकी सुनिता चौधरी तरकारी टिप्दै । उहाँले ८ कट्ठा क्षेत्रफलमा तरकारी खेति गरेर आम्दानी गर्दै आउनु भएको छ । *तस्बिर: दीपक बोहरा/रासस*

# गर्मी छल्न पर्यटक रिग क्षेत्रमा

रासस/बागलुङ

हिजोआज दैनिकजसो रिगताल परिसरमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बागलुङको तल्लो क्षेत्रमा निकै गर्मी छ । जसका कारण समुन्द्री सतहदेखि तीन हजार २०० मिटरको उचाइमा रहेको रिगताल क्षेत्रमा सितल छ। यहाँ पुस माघ महिनाको जस्तो चिसो सिरेटो चिलिनै रहन्छ । गर्मी छल्न आन्तरिक पर्यटक दिनहुँ यहाँ पुग्छन् ।

उच्च पहाडी हावापानी, शान्त वातावरण र प्राकृतिक सुन्दरताको रसास्वादन गर्न आउने पर्यटकका कारण रिग क्षेत्रमा चहपहल बढेको हो । बर्खा याममा फूलेका भुइँफूल र अहिया पालुवाले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गर्ने गरेको छ। बागलुङको निसीखोला गाउँपालिका–६ मा पर्ने रिग ताल एक दशक अगाडिसम्म ओझेलमा थियो। तर पछिल्लो समय प्रचारप्रसार हुँदा पर्यटक आकर्षणको केन्द्र बनेको हो ।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको नजिकै पर्ने रिग क्षेत्रमा प्रकृतिसँगै गोठाले जनजीवन, हजारौँ संख्याका वस्तुभाउ र वन्यजन्तुसँग रमाउन आउनेको संख्या बढी छ । बागलुङ, रोल्पा र पूर्वी रूकुम जिल्लाको सङ्गम स्थल पातीहाल्नेदेखि १५ मिनेटको पैदल यात्रामा पुग्न सकिने रिगतालसम्म सडक पनि पुगेको छ । जसले पर्यटकलाई सवारी साधानमै तालसम्म पुग्न सहज बनाएको छ ।

पछिल्लो सात वर्षमा रिग ताल क्षेत्रमा आउने पर्यटकको सङ्ख्या ह्वातै बढेको निसीखोला गाउँपालिका–६ का पूर्णबहादुर घर्ती मगरले बताउनुभयो । पहिले गोठालाले चरन क्षेत्रका रूपमा प्रयोग गर्दै आएको रिगतालमा अहिले दैनिक पर्यटक आउने गरेका छन्। असारको पहिलो सातादेखि नै दैनिक एक सयभन्दा बढी पर्यटक रिग क्षेत्रमा आउने गरेको घर्ती मगरले सुनाउनुभयो ।

उहाँले भन्नुभयो– "सडकको विकासले गोठाला बस्ने ठाउँमा पर्यटक आउन थाले, पहिले त निसी, भल्कोट गाउँका गोठालाहरु भेडाबाख्रा, गाईभैंसी लिएर बर्खा भरि बस्ने ठाउँ हो, तर अहिले रिग डाँडाभरी मान्छेहरूको भिड लाग्छ, ठाउँ पनि राम्रो छ ।"

अरू बेलाभन्दा बिदाको दिन ५०० बढी पर्यटक रिग तालमा आउने गरेका घर्तीले जानकारी दिनुभयो । पर्यटकले गोठमै आएर दूध, दही र घ्यूसमेत खरिद गर्दा आम्दानी राम्रो हुने गरेको बताउनुभयो। पर्यटकले प्लास्टिकका बोटल, बियरका सिसा र अन्य प्लास्टिकजन्य फोहोर जथाभावी गर्ने गरेको उहाँले गुनासो गर्नुभयो।

खासगरी बुटवल, दाङ, नेपालगञ्ज, चितवन, भैरहवा लगायतका ठाउँबाट पर्यटकहरु गर्मी छल्न यतिबेला रिगताल आउने गरेका छन् । नेपालगञ्जबाट घुम्न आउनुभएका रितेश ताम्राकारले तराईमा निकै गर्मी बढेको हुँदा एक साता सितल खोज्दै पहाड उक्लिएको बताउनुभयो । पहाड आएको समयमा चौरीखर्क, ढोरपाटन, निसेलढो र रिगतलामा घुमेको उहाँले सुनाउनुभयो ।

"तराईमा निकै गर्मी बढेको छ, यहाँको जस्तो सितल हावा पाउन त निकै गाह्रो पर्छ, यहाँको हावापानी धेरै राम्रो रहेछ, एकैछिन बस्यो भने जाडोले काप्ने अवस्था आउँछ," उहाँले भन्नुभयो– "गर्मी महिनाभरि यतै बसौँ जस्तो लाग्यो।"

भैरहवाका प्रवेश पौडेलले पहाड घर गुल्मी आएको बेला साथीहरूसँग रिगताल घुम्न आएको बताउनुभयो । भैरहवामा अत्यधिक गर्मी बढेको सुनाउँदै उहाँले रिगताल आएपछि यहाँको प्रकृति र हावापानीसँग रमाउँदै आनन्द आएको बताउनुभयो ।




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

# एआईबाट सिर्जित सङ्गीत पहिचान गर्न नयाँ लेबलिङ प्रणाली सार्वजनिक

रासस/एएफपी/न्युयोर्क

विश्वका प्रमुख सङ्गीत उद्योगसम्बद्ध संस्थाहरूले कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगबाट सिर्जना गरिएका सङ्गीत सामग्रीको पहिचान गर्न नयाँ स्वेच्छिक लेबलिङ प्रणाली सार्वजनिक गरेका छन्। यसको उद्देश्य एआईबाट उत्पादित सामग्रीबारे श्रोतालाई स्पष्ट जानकारी उपलब्ध गराउनु हो ।

फोनोग्राफिक उद्योगको अन्तरराष्ट्रिय महासङ्घ (आईएफपीआई) र रेकर्डिङ इन्डस्ट्री एसोसिएसन अफ अमेरिका (आरआईएए) ले ग्रामी अवार्ड आयोजकसहित अन्य संस्थाहरूसँग मिलेर शुक्रबार उक्त प्रणाली सार्वजनिक गरेका हुन्।

संस्थाहरूले जारी गरेको संयुक्त विज्ञप्तिमा श्रोताहरूले सङ्गीत सिर्जनामा एआई कसरी र कति प्रयोग भएको छ भन्ने जानकारी चाहेको उल्लेख गर्दै नयाँ लेबलले पारदर्शिता कायम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

नयाँ प्रणालीअन्तर्गत दुई प्रकारका लेबल प्रयोग गरिनेछन्। पहिलो 'एआईद्वारा सिर्जना गरिएका'लेबल त्यस्ता सामग्रीमा प्रयोग हुनेछ, जहाँ गीत वा रेकर्डिङका अधिकांश वा सम्पूर्ण सिर्जनात्मक पक्ष कृत्रिम बुद्धिमत्ताबाट तयार गरिएको हुन्छ। यसमा एआईबाट पूर्ण रूपमा सिर्जित गीत, एआईद्वारा तयार गरिएका मुख्य स्वर वा प्रमुख वाद्य ट्र्याकसमेत समावेश हुनेछन्।

दोस्रो 'एआई–सहायता प्राप्त'लेबल भने मुख्य रूपमा मानव सिर्जनामा आधारित भए पनि केही सिर्जनात्मक अंशमा एआईको सहयोग लिइएको सङ्गीतमा प्रयोग गरिनेछ। यस प्रकारका सामग्रीमा मुख्य स्वर र प्रमुख वाद्य प्रस्तुतीकरण भने मानव कलाकारले नै गरेको हुनुपर्ने व्यवस्था गरिएको छ।

यो स्वेच्छिक लेबलिङ प्रणाली सङ्गीत स्ट्रिमिङ सेवासहित विश्वव्यापी रूपमा लागू गर्ने लक्ष्य राखिएको छ।सङ्गीत स्ट्रिमिङ सेवा डिजरले एआईबाट सिर्जित सामग्रीलाई स्वचालित रूपमा चिह्न लगाउने व्यवस्था गरिसकेको छ। कम्पनीका अनुसार हाल नयाँ अपलोड हुने सामग्रीमध्ये करिब आधा एआईबाट सिर्जित छन् । जुन महिनामा डिजरले ९९ दशमलव आठ प्रतिशत शुद्धतासहित एआई सङ्गीत पहिचान गर्ने प्रणालीसमेत सार्वजनिक गरेको थियो।

यसै वर्षको सुरूमा एप्पल म्युजिकका एक अधिकारीले नयाँ अपलोड हुने सामग्रीमध्ये एक तिहाइभन्दा बढी पूर्ण रूपमा एआईबाट सिर्जित हुने बताएका थिए। एप्पल म्युजिक, अमेजन म्युजिक र स्पोटिफाइजस्ता स्ट्रिमिङ सेवाहरूको प्रतिनिधित्व गर्ने 'डिजिटल मिडिया एसोसिएसन' (डिमा)ले पनि नयाँ लेबलिङ प्रणालीको स्वागत गर्दै प्रयोगकर्तालाई थप पारदर्शी जानकारी उपलब्ध गराउन एआईसम्बन्धी मेटाडाटा अझ सुदृढ बनाइने जनाएको छ।

स्पोटिफाइले गत अप्रिलमा कलाकारको आधिकारिक सामग्री पहिचान गर्न 'स्पोटिफाइद्वारा प्रमाणित' लेबल सुरू गरेको थियो भने एआईद्वारा हुने प्रतिरूपण (इम्पर्सोनेसन) रोक्न नयाँ उपायहरु पनि लागू गरेको जनाएको छ।

# ३२ जना युवाहरूलाई तमु ....

परिषद्का केन्द्रीय सचिवालय सदस्य रगबहादुर गुरूङ, तमु ह्यूल छोंज धीं गण्डकी प्रदेशका कोषाध्यक्ष गल गुरूङ, गुरूङ फिल्म एसोसिएसन नेपालका केन्द्रीय सदस्य टार्जन गुरूङ तथा प्रशिक्षक बालकाशी गुरूङले मन्तव्य व्यक्त गरेका थिए ।

उक्त अवसरमा गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानका सदस्यमा मनोनित बालकाशी गुरूङ र शान्त बास्तोलालाई व्यासनगर तमु सुधार समाजले सम्मान गरेको थियो। प्रशिक्षार्थी सुस्मिता गुरूङ र रोहन गुरूङले सहभागीका तर्फबाट तालिमको अनुभव सुनाएका थिए।

गत असार २० गतेदेखि सञ्चालन भएको तालिममा देवघाट गाउँपालिका, आबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका र बन्दीपुर गाउँपालिकाका स्नातक तथा स्नातकोत्तर तह अध्ययन गरेका ३२ जना युवा गुरूङ प्रशिक्षार्थी सहभागी थिए। सहभागीमध्ये १० जना आदिकवि भानुभक्त क्याम्पसमा अध्ययनरत विद्यार्थी रहेका थिए।

तालिममा भाषा तथा लिपिका विज्ञ भीमप्रसाद गुरूङ, हरिसिंह गुरूङ, बालकाशी गुरूङ र खिमा गुरूङले प्रशिक्षण दिनुभएको थियो। तालिम निःशुल्क सञ्चालन गरिएको थियो भने सम्पूर्ण खर्च आदिकवि भानुभक्त क्याम्पसले व्यहोरेको जनाएको छ।

सहभागीहरूले तालिमले तमु भाषा, लिपि र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक ज्ञान, सीप र नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको तथा समुदायलाई भाषा र संस्कृतिको क्षेत्रमा संगठित भएर काम गर्न प्रेरित गरेको बताएका छन ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**सडक मर्मत :** तनहुँको व्यास नगरपालिका–५ स्थित साँगे बरबोटे क्षेत्रमा शनिबार सडक मर्मत गर्दै युवाहरु । सडकमा खाल्डाखुल्डी बढ्दै गएपछि आवतजावतमा कठिनाइ हुनुका साथै दुर्घटनाको जोखिम बढेको भन्दै नाइन्टिज क्लबका सदस्यहरु स्वयं अग्रसर भएर सडक मर्मत कार्यमा जुटेका हुन् । *तस्बिर : भञ्ज्याङ*

# गुन्द्रुकले बदलेको ग्रामीण महिलाको जीवनस्तर

**अञ्जली थापा**/हेटौंडा

केही वर्षअघिसम्म हेटौंडा उपमहानगरपालिका–१२ घलेगाउँकी ३८ वर्षीया श्रिया गुरूङको दैनिकी अधिकांश ग्रामीण नेपाली महिलाको जस्तै थियो । बिहान सबेरैदेखि घरधन्दा, परिवारको हेरचाह, पशुपालन र खेतबारीको काममा दिन बित्थ्यो । दिनभर काम गरे पनि आफ्नो नाममा आम्दानी भने थिएन । परिवारको खर्च धान्न श्रीमान्को कृषि आम्दानी भर पर्नुपर्थ्यो । एउटी छोरीको भविष्य, घरखर्च र बढ्दो आर्थिक दायित्वले उहाँलाई सधैं चिन्तित बनाइरहन्थ्यो।

"आफ्नो कमाईको एक रूपैयाँ पनि थिएन", श्रिया विगत सम्झँदै भन्नुहुन्छ, "भविष्यको चिन्ता त धेरै थियो, तर सम्भावना भने केही थिएन । गाउँमै केही गरौं भन्ने सोच थियो, तर कसरी सुरू गर्ने भन्ने आधार थिएन ।" गाउँघरमा हरेक वर्ष बनाइने गुन्द्रुक उहाँका लागि घरायसी परिकार मात्र थियो। हिउँदका लागि साग जोगाउने परम्परागत तरिकाभन्दा बाहिर गएर कोही कसैले पनि व्यवसायको रूपमा हेरेको थिएन । त्यसैले गुन्द्रुकले नै आफ्नो जीवन बदल्न सक्छ भन्ने कल्पना उहाँले कहिल्यै गर्नुभएन ।

"हामीलाई त गुन्द्रुक बेचेर पनि उद्यमी बन्न सकिन्छ भन्ने लागेको नै थिएन", उहाँ भन्नुहुन्छ, "यो सपना देखाउने काम ग्रिन फाउन्डेसन नेपालले गऱ्यो, र त्यो सपनालाई व्यवहारमा उतार्ने वातावरण हेटौंडा उपमहानगरपालिकाले बनाइदियो।"

ग्रिन फाउण्डेसन नेपालले तालिम र सामग्री हस्तान्तरणसहित सुरू गराएको उद्यममा हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गरेको सीपमूलक तालिम, प्रारम्भिक आर्थिक सहयोग र उद्यम सञ्चालनसम्बन्धी परामर्शले श्रियाको सोच परिवर्तन गरिदियो। त्यसपछि उहाँले गाउँका अन्य महिलासँग मिलेर कञ्चनजङ्घा कृषि सहकारी संस्था लघु उद्यमी उद्योग स्थापना गर्नुभयो ।

सुरूआत भने निकै सामान्य थियो । उद्योगमा संलग्न महिलाले वार्षिक प्रतिकट्ठा रू एक हजार ५०० का दरले १५ कट्ठा जग्गा भाडामा लिए । आफ्नै पसिना बगाएर रायोको साग लगाइयो र त्यसबाट 'अर्ग्यानिक' गुन्द्रुक उत्पादन सुरू भयो । तर उत्पादन सुरू गर्नु जति चुनौतीपूर्ण थियो, बजार खोज्नु त्योभन्दा कठिन बन्यो।

पहिलो वर्ष खेतमा मिहिनेतको कमी भएन । राम्रो उत्पादन भयो। तर बजारले ढोका खोलेन । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको सरकारी अनुज्ञापत्र नहुँदा उत्पादन बजारसम्म पुऱ्याउन सकिएन । लाखौं रूपैयाँ बराबरको गुन्द्रुक गोदाममै थन्कियो । बिक्री नहुँदा लगानी डुब्ने चिन्ता र भविष्यप्रतिको अन्योलले धेरै रात निद्रा हरायो । "कति दुःख गरेर उत्पादन गऱ्यौं, "उहाँ सम्झनुहुन्छ, "तर बेच्न नपाउँदा मन नै खिन्न हुन्थ्यो । मेहनत खेर जाने हो कि भन्ने डर लाग्थ्यो । तर हामीले हार मानेनौं ।"

त्यही धैर्यले अन्ततः फल दियो। हेटौंडा उपमहानगरपालिकाको सहजीकरणमा उत्पादनले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट सरकारी अनुज्ञापत्र प्राप्त गऱ्यो । सरकारी मान्यता पाएपछि उत्पादनप्रति बजारको विश्वास बढ्यो। व्यवसायी आफैं सम्पर्कमा आउन थाले । 'अर्डर' बढ्न थाल्यो र बिक्रीको बाटो खुल्यो । "पहिले बिक्री नहोला कि भन्ने डर थियो", श्रिया मुस्कुराउँदै भन्नुहुन्छ, "अहिले त मागअनुसार उत्पादन नपुग्ला कि' भन्ने चिन्ता छ ।" अहिले समूहलाई यस वर्षको उत्पादन मात्र होइन, आगामी वर्षका लागि आएको मागसमेत पूरा गर्न भ्याइनभ्याइ छ।

सुरुमा ११ जना रहेको समूह अहिले २० सदस्यीय बनेको छ । खेती विस्तार हुँदै गएको छ । हाल ३० कट्ठा जग्गामा खेती भइरहेको छ । निकट भविष्यमा ५० कट्ठासम्म विस्तार गर्ने योजना छ । उत्पादन बढेसँगै आगामी दिनमा ५० जनाभन्दा बढी स्थानीय महिलालाई प्रत्यक्ष रोजगारी दिने लक्ष्य पनि समूहले लिएको छ । उत्पादित गुन्द्रुक मकवानपुर, सिन्धुली र काठमाडौंमा बिक्रीका लागि जाने गरेको छ । अहिले माग पूरा गर्न हम्यहम्य परेको उहाँको भनाइ छ ।

उत्पादनलाई वर्षभरि निरन्तरता दिन समूहले छ महिनासम्म अर्ग्यानिक गुन्द्रुक उत्पादन गर्छ भने बाँकी समय विभिन्न प्रकारका अचार उत्पादन गर्छ । अर्को एक संस्थाको प्राविधिक सहयोगमा अचार प्रशोधन, प्याकेजिङ र बजारीकरणको काम भइरहेको छ।

समूहले करिब ३०० किलोग्राम अचार उत्पादन गरेको छ । प्रतिकिलोग्राम रू एक हजारका दरले बिक्री गर्दै आएको छ । यसबाट एक उत्पादन चक्रमै करिब रू तीन लाख बराबरको कारोबार हुने गरेको छ । गुन्[illegible]कको बजार पनि निरन्तर विस्तार भइरहेको छ । समूहले उत्पादन गरेको 'अर्ग्यानिक' गुन्द्रुक अहिले प्रतिकिलोग्राम रू ८०० मा बिक्री हुन्छ । स्थानीय बजारसँगै अन्य जिल्लाबाट पनि माग आउन थालेको छ । अर्ग्यानिक गुन्द्रुक केवल नेपाली भान्साको परम्परागत स्वाद मात्र होइन, पोषणले भरिपूर्ण खाद्य पदार्थ पनि हो । गुन्द्रुकमा फाइबर, आइरन, क्याल्सियम पाइन्छ । यसले पाचन प्रणालीलाई सहज बनाउन, आन्द्राको स्वास्थ्य सुधार गर्न र शरीरलाई आवश्यक पोषक तत्व उपलब्ध गराउन सहयोग गर्ने विश्वास गरिन्छ। पछिल्ला वर्षमा रसायनमुक्त तथा अर्ग्यानिक खाद्य पदार्थप्रति उपभोक्ताको आकर्षण बढेसँगै यसको माग पनि बढ्दै गएको छ । यही परिवर्तनले ग्रामीण महिलाले उत्पादन गरेका परम्परागत खाद्यवस्तुको बजारीकरण भएको छ ।

श्रीयाको जीवनमा आएको परिवर्तन केवल आर्थिक मात्रै छैन उहाँको आत्मविश्वास, सामाजिक पहिचान र निर्णय गर्ने क्षमता पनि बढेको छ । पहिले घरखर्चका लागि श्रीमान्को आम्दानीमा निर्भर रहनुपर्ने उहाँ अहिले आफ्नै आम्दानीबाट परिवार चलाउन, छोरीको शिक्षामा लगानी गर्न र समूहका अन्य महिलालाई नेतृत्व गर्न सक्षम हुनुभएको छ ।

"घरमै बसेर केही हुँदैन भन्ने सोच बदलिएको छ," उहाँ भन्नुहुन्छ, "अवसर, सीप र बजार पाए गाउँका महिलाले पनि धेरै गर्न सक्छन् भन्ने प्रमाण हामीले दिएका छौं ।" हेटौंडा उपमहानगरपालिकाको करिब रू एक लाख र सहकारीको रू ८० हजार प्रारम्भिक लगानीबाट सुरू भएको यो उद्यम आज ग्रामीण महिलाको आर्थिक रूपान्तरणको उदाहरण बनेको छ । परम्परागत रूपमा घरभित्र सीमित रहेको गुन्द्रुकलाई व्यवसायमा रूपान्तरण गर्दै महिलाले आफ्नै गाउँमा रोजगारी सिर्जना गरेका छन् । यसले स्थानीय कृषि उत्पादनको मूल्य बढाएको छ भने महिलाको श्रमलाई प्रत्यक्ष आम्दानीसँग पनि जोडेको छ ।

हेटौंडा उपमहानगरपालिका धेरै गृहिणी अहिले साना तथा घरेलु उद्यम सञ्चालन गरेर आत्मनिर्भर बन्दै गएका छन् । कसैले अर्गानिक गुन्द्रुक उत्पादन गरिरहेका छन्, कसैले अचार, धूप, दलमोठ, हस्तकला, बेसार तथा अन्य स्थानीय उत्पादनलाई व्यवसायमा रूपान्तरण गरेका छन् । यसले महिलाको आयआर्जन बढाउनुका साथै स्थानीय स्रोत, सीप र परम्परागत ज्ञानलाई पनि आर्थिक मूल्यसँग जोड्न सफल भएको छ।

एक समय आफ्नो परिवारको भविष्यबारे चिन्तित रहने श्रिया आज अरु महिलाका लागि प्रेरणाको स्रोत बन्नुभएको छ । उहाँको कथा केवल एउटा गुन्द्रुक उद्योगको सफलता होइन, अवसर, सीप, स्थानीय सरकारको सहयोग र महिलाको आत्मविश्वास एकसाथ जोडिँदा गाउँमै बसेर पनि सम्मानजनक जीवन र दिगो आम्दानी सम्भव हुन्छ भन्ने जीवन्त उदाहरण हो । रासस

## facebook twitter



**Gokul Parasad Baskota**
x.com/GokulPBaskota

पठाओ, उबर, टुटल, सेक्युरिटी गार्ड, नर्सिङ सेवा, अनलाईन ब्यापार, डिपार्टमेन्टल स्टोर, घरडेरा आदि आउट सोर्सिङ कम्पनीहरूले मान्छेको जीवनमा परिवर्तन ल्याएका छन। तर डिजिटल अवसर, पहुँच र ईनोभेसनले सामाजिक आर्थिक जीवनमा उतिनै गहिरा खाडल पारेका छन। राजनीतिमा त सोसलसाईटहरू न्युक्लियर बम नै भैसके।



**Keshav Dahal**
x.com/dahalkeshab

दुनियाँभर उदार सरकारको बहस चलिरहँदा हाम्रो भिडलाई चाहिएको छ–नरम तानाशाह।
दुनियाँलाई चाहिएको छ कोमल र करूणाशील सरकार, हाम्रा अराजकहरूलाई चाहिएको छ जङ्गबहादुर। दुनियाँ सेवक सरकार खोज्दैछ, हाम्रा भने खोज्छन् जनतालाई ठेगान लगाउने शासक सरकार। दुनियाँ ज्ञानीहरूलाई खोज्छ, हाम्रालाई ज्ञानको हुर्मत लिँदा मजा आउँछ।
दुनियाँ देखिने र भेटिने नेता खोज्छ, हाम्रालाई चाहिएको छ रहस्यमय पालनहार।
दुनियाँ तर्क गर्छ, हाम्रो भिड स्तुति गाउछ।
दुनियाँका सरकारहरु कानुनलाई कसरी खुकुलो बनाउने भनेर सोच्छन्, हाम्रालाई चिन्ता छ–कानुनलाई कसिलो बनाउने। जब नागरिकमाथि भिड हावी हुन्छ, तब यस्तै हुन्छ। अर्थात्, हुन्छ–कहिँ नभएको जात्रा, हाम्रै मुलुकमा।



**Dambar Khatiwoda**
x.com/dambarkhatiwoda

नेपाल राज्य जन्मजात नागरिकलाई लुट्ने, गरिब राख्ने,अपमान गर्ने र मर्न बाध्य पार्ने खालको छ। राणा, शाह,पञ्च यही गर्थे। कांग्रेस–कम्युनिस्टहरूले त्यही गरे। अहिले बालेन र घन्टे त्यही गर्दैछन। भोली अर्को आउँछ, यस्तै हुन्छ। राज्यको चरित्र बदलौं,तब मात्रै गणेश नेपालीहरूलाई न्याय होला।

# वैदेशिक रोजगारीका नाममा ठगी गर्ने पाँच जना पक्राउ

**रासस**/काठमाडौं

वैदेशिक रोजगारीका लागि आकर्षक तलबको प्रलोभन देखाई विभिन्न देश पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा पाँच जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार सिन्धुलीका ३६ वर्षीय कुनसाङ लामा, बर्दियाका ४२ वर्षीय धनबहादुर शाही, ताप्लेजुङका उमेश लिम्बु, तनहुँकी २१ वर्षीया सचिता परियार र खोटाङका ४१ वर्षीय निरोज राईलाई पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार कुनसाङले यूएई पठाइदिने भन्दै एक जना पीडितबाट दुई लाख सात हजार रूपैयाँ, धनबहादुरले जर्जिया पठाइदिने भन्दै एक जना पीडितबाट दुई लाख ९५ हजार रूपैयाँ, उमेशले बेलारूस पठाइदिने भन्दै एक जना पीडितबाट पाँच लाख रूपैयाँ, सचिताले रोमानिया पठाइदिने भन्दै एक जना पीडितबाट एक लाख ५० हजार रूपैयाँ तथा निरोजले टर्की पठाइदिने भन्दै दुई जना पीडितबाट सात लाख ९० हजार रूपैयाँ लिएर सम्पर्कविहीन भएका थिए ।

पीडितहरुको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुबाट खटिएको प्रहरी टोलीले कुनसाङलाई बुढानिलकण्ठ नगरपालिका–२, धनबहादुरलाई तारकेश्वर नगरपालिका–८, उमेशलाई टोखा नगरपालिका–५, सचितालाई काठमाडौं महानगरपालिका–३ र निरोजलाई काठमाडौं महानगरपालिका–४ बाट पक्राउ गरेको हो। कुनसाङ र धनबहादुर बिहीबार तथा उमेश, सचिता र निरोज शुक्रबार पक्राउ परेका हुन् । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

# सीपमार्फत महिला ......

अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि, उद्यमी तथा सरोकारवालाको सहभागिता रहेको कार्यक्रममा राष्ट्रिय महिला उद्यमी समिति गण्डकी प्रदेशकी संयोजक ममता बस्यालले सीप नै आत्मनिर्भरताको पहिलो पाइला भएको उल्लेख गर्दै तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतारी स्वरोजगार र उद्यम विकासतर्फ अघि बढ्न सहभागीलाई आग्रह गरेका थिए।

पाँच दिनसम्म सञ्चालन हुने तालिममा सिलाई मेसिनको संरचना, मर्मत, सामान्य प्राविधिक समस्या पहिचान तथा समाधानका विषयमा व्यावहारिक प्रशिक्षण प्रदान गरिनेछ । तालिमपछि सहभागीहरूले आफ्नै व्यवसाय सञ्चालन गर्न तथा सेवा प्रदान गरी आयआर्जन गर्न सक्ने विश्वास आयोजकले लिएको छ।

"महिलाको हातमा सीप, परिवारमा आत्मनिर्भरता; आत्मनिर्भर परिवारबाटै समृद्ध समाज र समुन्नत राष्ट्रको निर्माण सम्भव हुन्छ" भन्ने मूल सन्देशसहित सुरू भएको यो तालिमले तनहुँमा महिला उद्यमशीलता प्रवर्द्धनमा नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४